# पारमाणविक पदार्थको नियमन सम्बन्धी निर्देशिका, २०७२

**प्रस्तावना**: पारमाणविक पदार्थको आयात, निर्यात, ओसारपसार, भण्डारण र प्रयोगलाई नियमन गरी पारमाणविक पदार्थको अनधिकृत प्रयोगबाट मानव स्वास्थ्य, वातावरण र सुरक्षामा पर्नसक्ने असरबाट जोगाउन तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताको पालनाका लागि आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "पारमाणविक पदार्थको नियमन सम्बन्धी निर्देशिका, २०७२" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "पारमाणविक पदार्थ" भन्नाले कुनै पनि आणविक वा पारमाणविक विष्फोटक पदार्थ, विकिरण फैलाउने यन्त्र वा उपकरण वा अन्य रेडियोधर्मी पदार्थ र त्यससंग सम्बन्धित प्रविधि सम्झनुपर्छ ।

(ख) "रेडियोधर्मी फोहरमैला" भन्नाले पारमाणविक पदार्थको प्रयोगबाट उत्पादन वा निष्काशन भएको फोहरमैला वा काम नलाग्ने वा प्रयोगहीन अवस्थामा रहेको कुनै पारमाणविक वस्तु वा पदार्थ सम्झनुपर्छ ।

(ग) "समिति" भन्नाले दफा ६ बमोजिमको समिति सम्झनुपर्छ ।

(घ) "स्वीकृति" भन्नाले दफा ९ बमोजिमको स्वीकृति सम्झनुपर्छ ।

(ङ) "एजेन्सी" भन्नाले अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सी सम्झनुपर्छ ।

(च) "मन्त्रालय" भन्नाले विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय सम्झनुपर्छ ।

३. **विनाशकारी वा सैन्य उपयोग गर्न नपाइने** : पारमाणविक पदार्थको विनाशकारी वा सैन्य उपयोगका लागि प्रयोग गर्न वा त्यस्ता गतिविधिमा सहयोग पुग्ने कार्य गर्न पाइने छैन ।

४. **आयात गर्न नपाइने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै पारमाणविक पदार्थ आयात गर्न पाइने छैन ।

५. **मन्त्रालयले जिम्मेवार निकायको रुपमा कार्य गर्ने** : पारमाणविक पदार्थको आयात, निर्यात, ओसार पसार, भण्डारण र प्रयोगको नियमन र सुरक्षा सम्बन्धी काम कारवाही र सो प्रयोजनको लागि सम्बन्धित अन्तर्राष्ट्रिय संस्थासंग समन्वय गर्नको लागि प्रचलित कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक मन्त्रालयले जिम्मेवार निकायको रुपमा कार्य गर्नेछ ।

६. **समितिको गठन** : (१) पारमाणविक पदार्थको आयात, निर्यात, ओसारपसार, भण्डारण र प्रयोगलाई नियमन गर्न मन्त्रालयलाई आवश्यक राय सुझाव तथा सिफारिस गर्न देहाय बमोजिमको एक पारमाणविक पदार्थको नियमन सिफारिस समिति रहनेछ :-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | - अध्यक्ष |
| (ख) सहसचिव, उद्योग मन्त्रालय | - सदस्य |
| (ग) खाद्य प्राविधिक (सहसचिवस्तर), कृषि विकास मन्त्रालय वा अन्तर्गत | - सदस्य |
| (घ) सहसचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | - सदस्य |

(ङ) सह-सचिवस्तर (प्राविधिक), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

(च) नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले तोकेको विज्ञ प्रतिनिधि -सदस्य

(छ) नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को विज्ञ प्रतिनिधि - सदस्य

(ज) मेडिकल फिजिसिस्ट, न्युक्लियर केमेष्ट्री, न्यूक्लियर फिजिक्स, रेडियोलोजी वा बायो टेक्नोलोजीको क्षेत्रमा कम्तीमा दश वर्ष अध्ययन-अध्यापन, अनुसन्धान वा सो सम्बन्धी विषयमा विज्ञता हासिल गरेको व्यक्ति मध्येबाट मन्त्रालयले तोकेको दुई जना प्रतिनिधि -सदस्य

(झ) सहसचिव (विज्ञान तथा प्रविधि प्रवर्द्धन महाशाखा), मन्त्रालय - सदस्य–सचिव

(२) उपदफा (१) को खण्ड (ज) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) समितिले आवश्यक देखेमा स्वदेशी तथा विदेशी विशेषज्ञलाई बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

७. **समितिको बैठक सम्बन्धी प्रक्रियाः** (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३)समितिको बैठकको सूचना र छलफल हुने विषय त्यस्तो बैठक बस्ने समय भन्दा कम्तीमा २४ घण्टा अगावै सदस्य सचिवले सदस्यहरूलाई उपलब्ध गराउनेछ ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(६) समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **मन्त्रालयको काम, कर्तव्य र अधिकार** : यस निर्देशिकामा अन्यत्र लेखिएको अतिरिक्त मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पारमाणविक पदार्थको आयात, निर्यात, ओसारपसार, भण्डारण र प्रयोग सम्बन्धी राष्ट्रिय नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।

(ख) पारमाणविक तथा रेडियोधर्मी श्रोतको प्रयोग, संरक्षण र सुरक्षा लगायतका विषयमा नियमन गर्ने,

(ग) पारमाणविक तथा रेडियोधर्मी श्रोतको विषयमा अन्तर्राष्ट्रिय स्तरमा विकसित मान्यताहरुको अध्ययन, विश्लेषण गरी नियमन सम्बन्धी कार्यप्रणालीलाई अद्यावधिक र प्रभावकारी बनाउने,

(घ) एजेन्सीबाट हुने निरीक्षण तथा निरीक्षकको आवागमनका लागि व्यवस्था गर्न आवश्यक निकायगत समन्वय गर्ने,

(ङ) यस निर्देशिकाको कार्यान्वयन गर्न आवश्यक मापदण्ड बनाई लागु गर्ने,

९. **स्वीकृतिको लागि निवेदन दिनुपर्ने** : (१) कुनै पनि पारमाणविक पदार्थ वा सो को प्रयोग वा सम्मिश्रण भएको कुनै पनि वस्तुको आयात, निर्यात, ओसारपसार, भण्डारण, प्रयोग, कारोबार वा सो सम्बन्धी कुनै क्रियाकलाप गर्ने चाहने व्यक्ति वा संस्थाले स्वीकृतिको देहायको विवरण खुलाई मन्त्रालयमा निवेदन गर्नु पर्नेछ ।

(क) स्वीकृति माग गर्ने व्यक्ति वा संस्थाको नाम, थर, वतन, सम्पर्क नम्बर र इमेल,
(ख) स्वीकृति माग गर्नुको कारण वा प्रयोजन,
(ग) पारमाणविक पदार्थको परिमाण र विवरण,
(घ) प्रयोग हुने अवस्था र प्रविधि,
(ङ) भण्डारणको व्यवस्था,
(च) कामदार वा सेवाग्राहीहरुको सुरक्षाका उपायहरु,
(छ) प्रयोगपछि विसर्जन गर्ने स्थान र तरीका र
(ज) मन्त्रालयले तोकेका अन्य विषयहरु ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने कुनै व्यक्ति वा संस्थाले स्वीकृतिको लागि निवेदन दिंदा मन्त्रालयले कुनै पूर्व शर्त वा योग्यता तोकेको रहेछ भने सो समेत पुरा गरेको हुनु पर्नेछ ।

१०. **स्वीकृति दिन सक्ने** : दफा ९ बमोजिम निवेदन परेमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी समितिको सिफारिसमा स्वीकृति दिनसक्नेछ ।

११. **स्वीकृति दिन नसक्ने कुराको जानकारी दिने** : दफा ९ बमोजिम परेको निवेदनमा स्वीकृति दिन नमिल्ने भएमा मन्त्रालयले स्वीकृति दिन नसक्ने कारण सहितको जानकारी एक महिनाभित्र निवेदकलाई दिनुपर्नेछ ।

१२. **स्वीकृति दिँदा शर्त तोक्न सकिने** : (१) मन्त्रालयले दफा १० बमोजिम स्वीकृति दिँदा त्यस्तो स्वीकृति प्राप्तकर्ताले पालन गर्नुपर्ने शर्तहरु तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम शर्तहरु तोक्दा पारमाणविक पदार्थको आयात, निर्यात, ओसारपसार, भण्डारण वा प्रयोग वा कारोवार गर्ने क्षेत्र, पारमाणविक पदार्थको प्रकृति तथा प्रयोजन, जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रभाव तथा तोकिएका शर्तहरु पालना नहुँदाको अवस्था समेतलाई आधार लिन सकिनेछ ।

१३. **जोखिम व्यवस्थापन योजना** : (१) दफा ९ बमोजिम निवेदन दिने व्यक्ति वा संस्थाले त्यस्तो निवेदनको साथमा जोखिम व्यवस्थापन तथा उद्धार योजना संलग्न गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको योजनाको कार्यान्वयनलाई मन्त्रालयले शर्तको रुपमा तोक्नेछ ।

१४. **स्वीकृति लिने व्यक्ति वा संस्थाको दायित्व** : (१) स्वीकृति लिने व्यक्ति वा संस्थाले यस निर्देशिका बमोजिम मन्त्रालयले तोकिदिएका शर्तहरुको पालना गर्नुपर्नेछ ।

(२) स्वीकृति लिने व्यक्ति वा संस्थाले आँफुले गरेका कामको अर्धवार्षिक विवरण मन्त्रालयमा पेश गरी मन्त्रालयले मागेका बखत माग गरेको सूचना तथा विवरणहरु उपलब्ध गराउनु पर्नेछ ।

(३) स्वीकृति लिने व्यक्ति वा संस्थाले आफ्नो व्यवसायको ठेगाना परिवर्तन गर्नु पर्ने भएमा वा आफ्नो कार्यको निरन्तरता दिन नसक्ने भएमा मन्त्रालयलाई पूर्व जानकारी गराउनुपर्नेछ ।

(४) स्वीकृति लिने व्यक्ति वा संस्थाले पारमाणविक पदार्थको आयात, निर्यात, ओसारपसार, भण्डारण वा प्रयोगलाई सुरक्षित र भरपर्दो बनाई सम्बन्धित कामदार, कर्मचारी, सेवाग्राही वा अन्य सर्वसाधारण समेतको सुरक्षा प्रबन्धको उचित र पर्याप्त व्यवस्था गर्नुपर्नेछ ।

१५. **स्वीकृति रद्ध गर्न सकिने**: यस निर्देशिका बमोजिम स्वीकृति लिएको कुनै व्यक्ति वा संस्थाले स्वीकृति विपरित कुनै कार्य गरेमा वा स्वीकृति लिंदाका बखत तोकिएका शर्तहरुको पालना नगरेमा वा मन्त्रालयले दिएको आदेशको पालना नगरेमा त्यस्तो स्वीकृति मन्त्रालयले रद्ध गर्न सक्नेछ ।

१६. **दर्ता किताबको व्यवस्था गर्नुपर्ने** : मन्त्रालयले यस निर्देशिका बमोजिम दिएको स्वीकृति सम्बन्धी सबै विवरण खुल्ने गरी दर्ता किताबको व्यवस्था गर्नुपर्नेछ ।

१७. **रेडियोधर्मी फोहरमैलाको सुरक्षाको जिम्मेवारी** : (१) रेडियोधर्मी फोहरमैलाको व्यवस्थापन तथा सुरक्षा प्रबन्ध गर्ने प्रमुख जिम्मेवारी त्यस्तो स्वीकृति लिने व्यक्ति वा संस्थाको हुनेछ ।

(२) कुनै रेडियोधर्मी फोहरमैला वेवारिसे अवस्थामा भेटिएमा वा स्वीकृति लिएको व्यक्तिको पहिचान नभएमा वा हुन नसकेमा त्यस्तो फोहरमैलाको सुरक्षा व्यवस्था गर्ने गराउने जिम्मेवारी मन्त्रालयको हुनेछ ।

१८. **रेडियोधर्मी फोहरमैला आयात गर्न नपाइने** : नेपालको सरहद बाहिर उत्पादन भएको कुनै रेडियोधर्मी फोहरमैला कुनै पनि प्रयोजनको लागि नेपालभित्र आयात गर्न पाइने छैन ।

१९. **रेडियोधर्मी फोहरमैलाको निर्यात** : नेपालमा उत्पादन भएको कुनै रेडियोधर्मी फोहरमैला मन्त्रालयको स्वीकृति लिई निर्यात गर्न सकिनेछ ।

२०. **क्षतिपूर्ति सम्बन्धी दायित्व** : पारमाणविक पदार्थको असुरक्षित तरीकाले वा लापरबाहीपूर्वक आयात, निर्यात, ओसारपसार, भण्डारण वा प्रयोग गरेको कारणबाट कुनै कामदार, कर्मचारी, सेवाग्राही वा सर्वसाधारणलाई पुग्न सक्ने मानवीय वा वातावरणीय क्षति वापतमा स्वीकृति लिने व्यक्ति वा संस्थाले बीमा र अन्य आर्थिक क्षतिपूर्तिको व्यवस्था गर्नुपर्नेछ ।

२१. **अनुगमन गर्ने** : पारमाणविक पदार्थको आयात, निर्यात, ओसारपसार, भण्डारण वा प्रयोग र यस निर्देशिका बमोजिम दिइएको स्वीकृति अनुरुप काम कारवाही भए नभएको सम्बन्धमा मन्त्रालयले नियमित अनुगमन गर्नेछ ।

२२. **आदेश दिन सक्ने** : दफा १२ बमोजिम स्वीकृति दिँदा तोकिएका शर्तहरुको पालना नगरेको वा स्वीकृती प्राप्त व्यक्ति वा संस्थाको कार्यबाट मानव स्वास्थ्य, वातावरण वा भौतिक सम्पत्तिमा क्षति हुन सक्ने अवस्था रहेको देखिएमा मन्त्रालयले देहायको कुनै वा सबै आदेश दिन सक्नेछ :-

(क) त्यस्तो कार्य तत्कालका लागि रोक्न,

(ख) त्यस्तो कार्यमा संलग्न कर्मचारी वा कामदारलाई सो कार्य गर्नबाट निषेध गर्न,

(ग) सो कार्यबाट कुनै पारमाणविक पदार्थको चुहावट भएकोमा त्यसलाई सुरक्षित र भरपर्दो किसिमबाट भण्डारण गर्न ।

२३. **अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुने** : एजेन्सीले तोकेको मापदण्ड अनुकूल हुने गरी पारमाणविक पदार्थको आयात, निर्यात, ओसारपसार, भण्डारण वा प्रयोगको नियमन सम्बन्धी व्यवस्था गरिनेछ ।

२४. **सूचना प्रकाशन गरिने** : (१) यस निर्देशिका प्रारम्भ हुनुभन्दा अगाडि पारमाणविक पदार्थको आयात, निर्यात, ओसारपसार, भण्डारण, कारोबार वा प्रयोग गरेका कुनै व्यक्ति वा संस्थालाई सो सम्बन्धी विवरण सहितको जानकारी उपलब्ध गराउनको लागि मन्त्रालयले उचित म्याद तोकी सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) वमोजिम तोकिएको म्याद भित्र मन्त्रालयले तोकेको विवरण सम्वन्धीत व्यक्ति वा संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

२५. **सहयोग लिन सक्ने** : (१) यस निर्देशिका बमोजिमको कार्यमा स्थानीय निकाय, प्रहरी वा नेपाल सरकारको अन्य निकायको सहयोगको आवश्यकता परेमा मन्त्रालयले सो निकायको सहयोग माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहयोग माग भएमा आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित सबै निकायको कर्तव्य हुनेछ ।

२६. **विशेषज्ञ सेवा लिन सक्ने** : मन्त्रालयले कुनै खास प्रकृतिको कार्य गर्न आफ्नो उपलब्ध जनशक्तिबाट सम्भव नहुने अवस्था भएमा आवश्यकता अनुसार कुनै विज्ञबाट विशेषज्ञ सेवा लिन सक्नेछ ।

२७. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) मन्त्रालयले यस निर्देशिकाको उद्देश्य प्राप्तिको लागि कुनै अध्ययन, अनुसन्धान वा आवश्यकतानुसारको अन्य कार्यका लागि कुनै उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको कार्यक्षेत्र, सुविधा र अन्य शर्तहरु मन्त्रालयले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

२८. **सचिवालय रहने** : (१) यस निर्देशिकामा उल्लेख गरिएका कार्यहरु नियमित र व्यवस्थित गर्न मन्त्रालयमा एक सचिवलय रहनेछ ।

(२) उपदफा (१) बमोजिमको सचिवालयमा आवश्यक पर्ने खर्च र कर्मचारीहरुको व्यवस्था मन्त्रालयले गर्नेछ ।

२९. **मन्त्रालयले प्रतिवेदन सार्वजनिक गर्नुपर्ने** : मन्त्रालयले प्रत्येक वर्ष देहाय बमोजिमको विवरण सहितको प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेछः-

(क) समितिका सिफारिसहरु,
(ख) वर्षभरीमा आयात, निर्यात, ओसारपसार, भण्डारण वा प्रयोगका लागि स्वीकृति दिइएका पारमाणविक पदार्थहरुको अद्यावधिक विवरण,
(ग) स्वीकृति लिएका व्यक्ति वा संस्था,
(घ) स्वीकृति लिंदा लाग्ने शुल्क,
(ङ) स्वीकृति बमोजिमका शर्तहरु,
(च) कुनै स्वीकृतिको लागि खास योग्यता आवश्यक पर्ने भए सो कुरा,
(छ) रेडियोधर्मी फोहरमैलाको सुरक्षा तथा निकासी -पैठारीको विवरण,
(ज) परिपालना र अनुगमन स्थिति,
(झ) क्षतिपूर्ति सम्बन्धी विषय,
(ञ) अन्तर्राष्ट्रिय समन्वय सम्बन्धी विषय,
(ट) अन्य आवश्यक कुराहरु ।